अनुसूची—३

(स्थानीय राजपत्र प्रकाशनको दफा ४ तथा अनुसूची–१ को भाग– सँग सम्बन्धित)

# नौगाड गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड १** **संख्याः ३** **मितिः २०७९/०४/२६**

## भाग —२

नौगाड गाउँपालिका

**<u>नौगाड गाउँपालिका हेभि यान्त्रिक उपकरण सञ्चालन कार्यविधि, २०७९</u>**

**कार्यपालिकाबाट पारित मितिः २०७९।०४।२४**

प्रमाणीकरण मितिः २०७९/४/२४

स्थानीय राजपत्रमा प्रकाशन मितिः २०७९।०४।२६

# नौगाड गाउँपालिका हेभि यान्त्रिक उपकरण सञ्चालन कार्यविधि, २०७९

नौगाड गाउँकार्यपालिकाको कार्यालयको स्वामित्वमा रहेको हेभि यान्त्रिक उपकरण प्रभावकारी ढङ्गले सञ्चालन गर्न, रेखदेख तथा ब्यवस्थापन गर्न र मितव्ययी ढङ्गले मर्मत सम्भार गर्नका साथै उक्त उपकरण स-शुल्क भाडामा वा अन्य प्रयोजनका लागि उपलब्ध गर्न वाञ्छनीय देखिएकोले,

नौगाड गाउँपालिका क्षेत्रको समग्र भौतिक पूर्वाधार विकास लगायत छिमेकी गाउँपालिका नागरपालिका तथा जिल्लाहरुमा समेत निर्माण हुने भौतिक पूर्वाधारका कार्यहरुमा स—शुल्क प्रयोग गर्नका लागि यस कार्यालयसँग रहेको हेभि यान्त्रिक उपकरण सञ्चालन तथा ब्यवस्थापनका लागि देहायक शर्त बन्देजमा रही **सञ्चालन तथा ब्यवस्थापन** गर्ने गराउने गरी **नौगाड गाउँकार्यपालिकाको** मिति २०७९।०४।२४ गते को नौगाड गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गरी यो कार्यविधी कार्यान्वयनमा ल्याइएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम **"हेभि यान्त्रिक उपकरण सञ्चालन कार्यविधि २०७९"** रहेको छ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः

क. **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७९ लाई सम्झनु पर्ने छ ।

ख. **"नियमावली"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन बमोजिम बनेको नियमावलीलाई सम्झनु पर्दछ।

ग. **"गाउँपालिका"** भन्नाले नौगाड गाउँपालिकालाई सम्झनु पर्दछ ।

घ. **"गाउँसभा"** भन्नाले नौगाड गाउँ सभालाई सम्झनु पर्दछ ।

ङ. **"अध्यक्ष"** भन्नाले नौगाड गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्नेछ ।

च. **"उपाध्यक्ष"** भन्नाले नौगाड गाउँपालिकाका उपाध्यक्षलाई सम्झनु पर्दछ ।

छ. **"गाउँ"** कार्यपालिका भन्नाले नौगाड गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ज. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नौगाड गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

झ. **"कार्यालय"** भन्नाले नौगाड गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

ञ. **"हेभि यान्त्रिक उपकरण"** भन्नाले स्काईभेटर, ब्याकलोडर, रोड रोलर, डोजर, लाई जनाउनेछ ।

ट. **"समिति"** भन्नाले यस कार्यविधिको दफा ८ बमोजिमको गठन भएको हुने समितिलाई सम्झनु पर्नेछ।

ठ. **"इन्जिनियर"** भन्नाले नौगाड गाउँपालिकाका इन्जिनियरलाई सम्झनु पर्दछ । सो शब्दले वा गाउँकार्यपालिका कार्यालयले सेवा परामर्श लिन सम्झौता गरेको इन्जिनियरलाई समेत जनाउँदछ ।

ड. **“सब-इन्जिनियर”** भन्नाले  नौगाड गाउँपालिकाका सब-इन्जिनियरलाई सम्झनु पर्दछ । सो शब्दले नौगाड गाउँकार्यपालिकाको कार्यालयले सेवा परामर्श लिन सम्झौता गरेको सब—इन्जिनियरलाई समेत जनाउँदछ ।

ढ. **“प्रयोगकर्ता”** भन्नाले सञ्चालनका लागि लिइ जाने संघ, संस्था,व्यक्ति वा सरकारी निकाय सम्झनु पर्दछ ।

ण. **“भाडा”** भन्नाले भाडामा उपलव्ध गराउन निर्धारण गरिएको दर रेटबाट हुन आउने रकमलाई सम्झनु पर्दछ ।

त. **“बिल”** भन्नाले सञ्चालन गरेको अपरेसन लगसीटको आधारमा कार्यालयले भाडा बापतको रकम राजस्व खातामा जम्मा गर्नको लागि तयार गर्ने भाडा महसुल बिललाई सम्झनु पर्दछ ।

थ. “**अपरेटर**” भन्नाले हेभि यान्त्रिक उपकरण सञ्चालन गर्न खटिई जाने कर्मचारीलाई सम्झनु पर्दछ । सो शब्दले सहचालकलाई समेत जनाउनेछ ।

**३. उद्देश्यः**

नौगाड गाउँ कार्यपालिकाको कार्यालयबाट सञ्चालन गरिने भौतिक विकास कार्यक्रमहरु स्थानीय गाउँपालिकाबासी संघसंस्था नेपाल सरकारद्वारा संचालित विकास आयोजनाहरु दातृ निकायबाट संचालन हुने विकास आयोजनाहरु तथा छिमेकी गाउँपालिका नगरपालिकाहरुका विकास कार्यक्रमहरुमा समेत माग भई आए अनुसार प्राथमिकताका आधारमा प्रयोगमा पठाउन तथा उपकरण संचालन विधिमा एकरुपता र सरलता ल्याउनु यो कार्यविधिको प्रमुख उद्देश्य रहेको छ ।

**४. संचालन विधिः**

**१)** कार्यालयको कार्य वा अन्य आकस्मिक कार्यहरुमा प्रयोग नभइ हेभि यान्त्रिक उपकरण  खाली रहेको अवस्थामा कार्यालयको काममा बाधा नपर्ने गरी संचालक समितिको सिफारिशमा गाउँ कार्यपालिकाले तोके बमोजिमको भाडा लिइ कुनै पनि ब्यक्ति वा संघ संस्थालाई हेभि यान्त्रिक उपकरण  भाडामा उपलब्ध गराउन सकिनेछ ।

**२)** कुनै पनि ब्यक्ति, संघ संस्थालाई आवश्यक परेको उपकरण प्रयोगमा ल्याउनका लागि देहायका प्रकृया पुरा भए पश्चात मात्र उक्त उपकरण उपलब्ध गराइनेछ ।

**३)** ब्यक्ति वा संस्थाबाट प्रयोजनका लागि माग गरिएको अवधिको लागि कार्यालयकले उपलब्ध गराउन सक्ने अवस्था भएमा अनुसूची-२ मा तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

**४)** माग निवेदन उपर कार्यालयबाट उपलब्ध गराउने निर्णय भएपश्चात तोकिएको भाडा दर बमोजिम प्रयोगकतर्ताले प्रयोग गर्न चाहेको अबधिको लागि लाग्ने भाडा रकम अग्रीम गाउँ कार्यपालिकाको कार्यालयमा नगदै बुझाइ सोकी आम्दानी रसिद वा ग्वलोवल आइएमई बैंक होपरीगाड शाखा स्थित नौगाड गाउँकार्यपालिकाको नाममा रहेको धरौटी खाता नं. S404010000003 मा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

**५)** तोकिएको अग्रिम शुल्क बुझाइ पश्चात दफा ६ को (ख) मा तोकीएको शर्तनामा बमोजिम अनुसूची—१ बमोजिमको हेभि यान्त्रिक उपकरण  चलान/सम्झौता फाराम बमोजिम करार सम्झौता गर्नुपर्नेछ।

**६)** निवेदकले माग गरिएको समयभन्दा बढी समयसम्म कामकाज गर्नु गरानु पर्ने भएमा हेभि यान्त्रिक उपकरण  अपरेटरले तत्काल कार्यालय प्रमुखलाई खबर गरी थप कार्य आदेश लिएर थप समयको रकम अग्रिम जम्मा गर्न लगाएर मात्र हेभि यान्त्रिक उपकरण  संचालन गर्नु पर्नेछ ।

क. मेसिन प्रयोग गरे वापत प्रति घण्टा प्रति सिफ्ट प्रति दिनको शुल्क निर्धारण अनुसूची – ४ मा तोकिए बमोजिम हुनेछ ।

ख. मेसिन फिल्डमा खटाउदा कार्यालय कम्पाउण्डर दिई काम सम्पन्न गरी पुनः कार्यालय फिर्ता भएसम्मको मिटरको हिसाव गणना गरी लाग्ने शुल्क हेभि यान्त्रिक उपकरण  प्रयोगकर्ताले अनिवार्य बुझाउनु पर्नेछ।

ग.  हेभि यान्त्रिक उपकरण  खटिगएको स्थानमा काम सम्पन्न गरी कार्यालय फिर्ता भए पश्चात हेभि यान्त्रिक उपकरण  अपरेटरले कामको विवरण सहित मिटरको अद्यावधिक अभिलेख अनुसूची —६ बमोजिमको फाराममा भरी कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

घ.  गाउँपालिकाले आवश्यकता र औचित्यताको आधारमा निश्चित समयसम्म कार्य गर्न हेभि यान्त्रिक उपकरण  सोझै उपलव्ध गराउन सक्नेछ । उक्त कामको विवरण समेत अनुसूची – ७ बमोजिम अभिलेखबद्ध गर्नु पर्नेछ ।

हेभि यान्त्रिक उपकरण  प्रयोग गरी तोकिएको समयभन्दा अगावै काम सम्पन्न भई प्रयोगकर्ताको धरौटी रकम सञ्चित रहेको खण्डमा कार्यालय प्रमुखको आदेशको आधारमा संचित समय वापत हुन आउने रकम काबु बाहिरको परिस्थिति बाहेक माग गरेको एक हप्ता भित्र चेकद्वारा फिर्ता गर्नु पर्नेछ ।

**५.  इन्धन तथा मर्मत सम्बन्धि व्यवस्थाः**

क) हेभि यान्त्रिक उपकरणको अपरेटरले इन्धन तथा लुब्रिकेन्ट माग गर्दा कार्यालयले निर्धारण गरेको फाराम स्वीकृत गराएर मात्र भर्नु पर्नेछ । इन्धन तथा लुब्रिकेन्ट खपतको अद्यावधिक विवरण हेभि यान्त्रिक उपकरण  अपरेटरले तयार गरी इन्जिनियरको सिफारिशमा कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

ख) हेभि यान्त्रिक उपकरण  बिग्रिएमा बिग्रिएको लिखित जानकारी हेभि यान्त्रिक उपकरण  अपरेटरले **नौगाड गाउँकार्यपालिकाको कार्यालयलाई** गराउनु पर्नेछ । कार्यालयबाट वर्कसपमा चेकजाँच गराई मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण माग गरी स्वीकृत भएपश्चात मात्र मर्मत सम्भार कार्य गरिनेछ ।

ग) मर्मत सम्भारको कार्य गर्दा गराउँदा हेभि यान्त्रिक उपकरण अपरेटर वा इन्जिनियर वा जिन्सी शाखाको प्रतिवेदन वर्कसपमा रहनुपर्नेछ ।

६. सञ्चालन शुल्क तथा भाडामा उपलब्ध गराउने सम्बन्धमाः

कुनै व्यक्ति संघ संस्थाबाट माग भइ आएमा देहाय बमोजिमको शुल्क नगदै वा तोकिएको बैंक खातामा अग्रिम बुझाउनु पर्नेछ ।

क) हेभि यान्त्रिक उपकरण (स्काईभेटर) सञ्चालन शुल्कः

हेभि यान्त्रिक उपकरण भाडा दर र कर्मचारी भत्ता अनुसूची — ५ मा उल्लेख भए बमोजिम हुनेछ।

ख) भाडामा उपलव्ध गराउने सम्बन्धि शर्तहरुः

१. नौगाड गाउँपालिकाको कार्य वा अन्य आकस्मिक कार्यहरुमा प्रयोग नभई हेभि यान्त्रिक उपकरण खाली रहेको बेला कार्यालयहरुको गा.पा. को कार्यमा बाधा नपर्ने गरी नौगाड गाउँकार्यपालिकाको कार्यालयले तोके बमोजिमको भाडा लिई कुनै पनि ब्यक्ति वा संघ संस्थालाई हेभि यान्त्रिक उपकरण भाडामा उपलव्ध गरिउन सक्नेछ ।

२. कुनै पनि ब्यक्ति वा संघ संस्थाले आफुलाई आवश्यक परेको हेभि यान्त्रिक उपकरण भाडामा उपलब्ध हुन सक्ने वा नसक्ने सम्बन्धमा सम्बन्धत कार्यालयमा सम्पर्क राखी जानकारी लिनुपर्नेछ ।

३. भाडामा प्रयोग गर्न माग गरिएको हेभि यान्त्रिक उपकरण माग गरिएको अवभिको लागि उपलब्ध गराउन सक्ने वा नसक्ने सम्बन्धमा सम्बन्धित कार्यालयले प्रष्ट पार्नु पर्नेछ । निम्नलिखित परिस्थितमा कार्यालयले हेभि यान्त्रिक उपकरण भाडामा उपलब्ध गराउन असमर्थ हुनेछ ।

**क.** माग गरिएको हेभि यान्त्रिक उपकरण उपलव्ध नभएको अवस्थामा ।

**ख.** माग गरिएको हेभि यान्त्रिक उपकरण गा.पा. कार्य वा अन्य आकस्मिक कार्यमा प्रयोग भइ रहेको वा आकस्मिक कार्यको लागि Stand by रहेको अवस्थामा ।

**ग.** माग गरिएको हेभि यान्त्रिक उपकरण चालु हालतमा नरहेको अवस्थामा ।

**घ.** माग गरिएको हेभि यान्त्रिक उपकरण चालु हालतमा नरहेको अवस्थामा ।

४. भाडामा प्रयोग गर्न माग गरिएको हेभि यान्त्रिक उपकरण माग गरीएको अवधिको लागि कार्यालयले उपलब्ध गराउन सक्ने अवस्था भएमा सम्बन्धित ब्यक्ति वा संघ संस्थाले संलग्न तोकिएको ढाँचा बमोजिम निवेदन दिनु पर्नेछ ।

५. नौगाड गाउँपालिकाद्वारा सञ्चालित योजना बाहेक अन्य निकाय तथा ठेक्का पट्टा मार्फत सञ्चालित आयोजनाको लागि हेभि यान्त्रिक उपकरण भाडामा प्रयोग गर्न उक्त उपकरणको तोकिएको भाडामा दर बमोजिम प्रयोगकर्ताले प्रयोग गर्न चाहेको अवधीको लागि लाग्ने आवश्यक भाडा रकममा थप २५% गरी हुन आउने रकम कार्यालयले तोकिदिएको धरौटी खातामा जम्मा गरी बैंक भौचर पेश गर्नु पर्नेछ । कार्यालयले पनि भौचर प्राप्त भए पछि आम्दानी रसिद उपलब्ध गराउनु पर्नेछ । काबु बाहिरको परिस्थिति परि धरौटी खातामा दाखिला गरी भौचर पेश गर्न नसक्ने अवस्था रहेमा कार्यालय प्रमुखले आम्दानी रसिदबाट नगदै बुझी लिइ हेभि यान्त्रिक उपकरण उपकरण उपलब्ध गराउन आदेश दिन सक्नेछ। यसरी नगदै जम्मा भएको रकम अर्को दिन नै धरौटी खातामा जम्मा गर्ने ब्यवस्था मिलाउनु पर्नेछ ।

६. धरौटी जम्मा गरी सकेपछि तोकिएको ढाँचा बमोजिम हेभि यान्त्रिक उपकरण चलान सम्झौता फाराम तयार गर्नु पर्नेछ । उक्त फाराम तयार गर्दा देहाय बमोजिम गर्नु पर्नेछ ।

**अ.** हेभि यान्त्रिक उपकरण चलान/ सम्झौता फाराम सम्बन्धित अपरेटरलाई कार्यालयबाट दिइने निर्देशन हुनेछ।

**आ.** प्रयोग कर्ताले भाडामा प्रयोग गर्न चाहेको हेभि यान्त्रिक उपकरण समय र मिति खुलाइ बुझिलिनु पर्नेछ ।

**इ.** भाडामा प्रयोग भएको हेभि यान्त्रिक उपकरण फिर्ता हुदाँ समय र मिति खुलाइ तोकिएको अधिकारीले बुझिलिनु पर्नेछ ।

७. कार्यालयहरुले भाडामा उपलब्ध गराउने हेभि यान्त्रिक उपकरण संचालनको गर्न अनुसूची—६मा तोकिएको ढाँचा बमोजिमको अपरेशन लगसिट तोकीएको अधिकारीले प्रमाणित गरी सम्बन्धित हेभि यान्त्रिक उपकरण अपरेटरलाई उपलब्ध गराउनु पर्नेछ । अपरेटरले पनि सोही लगसिटमा हेभि यान्त्रिक उपकरण सम्बन्धि अभिलेख राख्नुपर्नेछ ।

८. हेभि यान्त्रिक उपकरण भाडामा प्रयोग गर्न प्राप्त भएको निवेदन मेसिन चलान सम्झौता फाराम र जारी गरिएको अपरेशन लगसीट कार्यालयले छुट्टाछुट्टै रजिस्टरमा दर्ता गर्नु पर्नेछ ।

९. हेभि यान्त्रिक उपकरण भाडामा प्रयोग गर्दा कार्यालयबाट काम गर्ने साइटसम्म लैजाने र काम समाप्त भए पश्चात सुरक्षित तवरले कार्यालयमा फिर्ता बुझार्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित प्रयोगकर्ताको हुनेछ।

१०. हेभि यान्त्रिक उपकरण भाडामा प्रयोग गर्दा त्यसमा खपत हुने इन्धन र सञ्चालनको लागि खटिई जाने अपरेटरको भ्रमण खर्च नियमावली २०६४ अनुसार हुने सुविधा सम्बन्धित प्रयोगकर्ताले ब्यहोर्नु पर्नेछ ।

११. हेभि यान्त्रिक उपकरण भाडामा प्रयोग भैरहेको अवस्थामा बिग्रन गई मर्मत गर्नुपर्ने भएमा सम्बन्धित अपरेटरले कार्यालयमा आई मर्मत आवेदन फाराम भर्नु पर्नेछ ।यदि अपरेटर आउन सम्भव नभएमा कार्यालयले उक्त हेभि यान्त्रिक उपकरण मर्मत गर्न खटाउने मेकानिकले नै सम्बन्धित अपरेटरसँग समन्वय राखी मर्मत आवेदन फाराम भर्नुपर्नेछ । यसरी हेभि यान्त्रिक उपकरण बिग्रन गई संचालन हुन नसकेको विवरण अपरेसन लगसीटमा समेत जनाइ प्रमाणित गर्नुपर्नेछ।

१२. निर्धारित सम्झौतामा अवधिमा काम समाप्त हुन नसकी उक्त हेभि यान्त्रिक उपकरण पुनः भाडामा संचालन गर्न म्याद थप गर्नुपर्ने भएमा म्याद समाप्त हुनु अगावै प्रयोगकर्ताले कार्यालयमा सम्पर्क राखी क्रम संख्या २ देखि ८ सम्मको प्रक्रिया पुनः पुरा गर्नुपर्नेछ ।

१३. हेभि यान्त्रिक उपकरण भाडामा प्रयोग गर्दा उक्त उपकरण कार्यालयबाट बाहिर निस्केको र कार्यालयमा फिर्ता भएको मिति र समय कार्यालयको गेटमा रहेको क्षद्य रजिस्टरमा जनाइ सम्बन्धित अपरेटरको दस्तखत गराइ तोकिएको अधिकारबाट प्रमाणित गराइ राख्नु पर्नेछ ।

१४. हेभि यान्त्रिक उपकरण उपकरण भाडामा प्रयोग भइ फिर्ता भए पछि सम्बन्धित अपरेटरले उक्त उपकरण संचालन भएको विवरण सहितको अपरेशन लगसीट कार्यलयमा बुझाउनु पर्नेछ ।

१५. हेभि यान्त्रिक उपकरण भाडामा प्रयोग भई फिर्ता भएपछि अपरेशन लगसिट अनुसार तोकिएको ढाँचा बमोजिमको भाडा महशुल बिल तयार गर्नु पर्नेछ।

१६. हेभि यान्त्रिक उपकरण भाडामा प्रयोग भइ भाडा महशुल विल तयार भए पछि प्रयोगकर्ताको धरौटी रकम मध्येबाट भाडा महशुल बिल बमोजिमको रकम फरफारक गराउनु पर्दछ ।विल रकम भन्दा धरौटी खातामा जम्मा भएको रकम बढी भएमा प्रयोग कर्तालाइ फिर्ता गर्ने र बिल बमोजिमको रकम अपुग भएमा प्रयोगकर्ताबाट धरौटी खातामा रकम जम्मा गर्न लगाइ फरफारक गराउनु पर्नेछ।

१७. हेभि यान्त्रिक उपकरण भाडामा प्रयोग भइ भाडा महशुल बिल तयार भएपछि हुन आउने रकम सम्बन्धित कार्यालयले राजश्व शीर्षकमा जम्मा गर्ने ब्यवस्था मिलाउनु पर्नेछ ।

१८. गाउँपालिकाबाट हेभि यान्त्रिक उपकरण भाडामा उपलब्ध गराउदा प्रयोगकर्ताहरुले गाउँपालिकाको मेशीन भाडा सम्बन्धि तोकिएको नियम शर्तहरु पालना गर्नु पर्नेछ ।

## ७. कर्मचारी ब्यवस्था

**१.** हेभि यान्त्रिक उपकरण सञ्चालनका लागि १ जना अपरेटर र आवश्यक परेमा सहयोगी १ जना स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम करार सेवामा नियुक्त गरिनेछ ।

**२.** करारमा नियुक्ति कर्मचारीको सेवा सुविधा करार सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ।

## ८. सञ्चालन तथा ब्यवस्थापन समिति

गाउँ कार्यपालिकाको हेभि यान्त्रिक उपकरण सन्चालन तथा ब्यवस्थापनका लागि नीतिगत तथा निर्देशनात्मक ब्यवस्थाका लागि तपसिल बमोजिमको संचालन तथा ब्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | - संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| लेखा शाखा प्रमुख | - सदस्य |
| इन्जिनियर | - सदस्य |
| जिन्सी शाखा प्रमुख | - सदस्य |
| योजना शाखा प्रमुख | - सदस्य |
| राजस्व शाख प्रमुख | - सदस्य सचिव |

## ९. यसै बमोजिम मानिने

१. यस कार्यविधि जारी हुनभन्दा पहिले भएका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ। बक्यौता वा हिसाब किताब गर्न बाँकी रहेको भए यस कार्यविधि भन्दा न्यून हुने गरी हिसाब मिलान गर्न पाइने छैन ।

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खेतगाड, धार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**१०. विविध**

**१.** गाउँपालिकामा रहेका हेभि यान्त्रिक उपकरण कार्यालय प्रमुखको पूर्ण नियन्त्रणमा रहनेछन् । सवारी साधन तथा हेभि यान्त्रिक उपकरणहरुको सम्भार गर्नु पदाधिकारी र कर्मचारी सबैको दायित्व हुनेछ ।

**२.** हेभि यान्त्रिक उपकरण माइल मिटर आधारभूत कार्य अद्यावधिक राख्ने दायित्व हेभि यान्त्रिक उपकरण अपरेटर र चालकको हुनेछ ।

**३.** हेभि यान्त्रिक उपकरण फिल्डमा खटाउने सिफारिस चालक अपरेटर र इन्जिनियरको हुनेछ र सो को स्वीकृति प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ ।

४. यस कार्यविधिमा समयानुकुल आवश्यक संशोधन वा थपघट गर्नुपर्ने भएमा संचालन तथा ब्यवस्थापन समितिको राय बमोजिम गाउँ कार्यपालिकाले थपघट वा संसोधन गर्न ।

अनुसूची -१

# नेपाल सरकार
# नौगाड गाउँपालिका
## गाउँकार्यापालिकाको कार्यालय होपरीगाड दार्चुला

लगसीट/सम्झौता नं.

सवारी दर्ता नं.

यान्त्रिक उपकरणको विवरण

शुरु मितिः अन्य मितिः

समयः समयः

अपरेटर नामः

गा.पा. अन्तरगतका उ.स.स.

किसिमः

गा.पा. आन्तरिक

दर्जाः I II III IV

गा.पा. बाहेक अन्य निकाय

| मिति | कामको विवरण | | यान्त्रिक अपकरणको कि.मि. घण्टा | | काम गरेको | | यान्त्रिक उपकरणको अवस्था | तैल्य पदार्थ | | अन्य | अपरेटरको दस्तखत | प्रयोग कर्ताको दस्तखत | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ठाउँ | विवरण | देखि | समय | घण्टा | सिफ्ट | बिग्रेमा,बिग्रेको र बनेको समय | विवरण | परिमाण | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| तैल्य | किसिम | इन्जिनियर | गियर | ट्रान्समिसन आयल | हाइड्रोलिक आयल | ब्रेक फ्ल्यूड | ग्रिज | अन्य | | | | | |
| | | | | | | | | | | | | | |

**नेपाल सरकार**
**नौगाड गाउँपालिका गाउँकार्यपालिकाको**
**कार्यलय होपरीगाड**

**हेभि यान्त्रिक उपकरण भाडा महशुल बिल**

**भाडा सम्झौता नं**

**विल नं.** **सम्झौता मितिः**

**मितिः**

**भाडामा लिनेकोः**

**नामः** **ठेगानाः**

| यान्त्रिक उपकरणको विवरण | | | लगसिट नं. | भाडा विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | विभागिय नं. | विवरण | | सिफ्ट | घण्टा | दर रु | भाडा रकम | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ५वा६(७)=८ | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

जम्मा भाडा रकमः

पेश्की जम्माः

बुझाउनु पर्ने रकम/ फिर्ता गर्नु पर्ने रकमः..........................

तयार गर्ने लेखा प्रमुखः कार्यालय प्रमुखः

दर्जाः मितिः मितिः

अनुसूची - ३

# नेपाल सरकार
# नौगाड गाउँपालिका गाउँ कार्यपालिकाको
# कार्यालय होपरीगाड

## <u>हेभि यान्त्रिक उपकरण  भाडामा प्राप्त गर्न निवेदन</u>

................................ कामको लागि नौगाड गाउँपालिकाको हेभि यान्त्रिक उपकरण  संचालन कार्यविधि अनुसार उल्लेखत समयको लागि हेभि यान्त्रिक उपकरण  उपलब्ध गरिदिन हुन निवेदन गर्दछु ।

| क्र.सं. | हेभि यान्त्रिक उपकरण नाम | कार्यको विवरण | स्थान | घण्टा | कहिले देखि | अनुमानित कार्य अवधि |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

यस गाउँपालिकाको नियमानुसार भाडा विल प्राप्त भए पछि कट्टाहुने गरि हाल गाउँपालिकाबाट निर्धारित पेश्की (धरौटी)  दिन र यसै साथ संलग्न निवेदनको पालना गर्नु पर्ने नियम तथा शर्तहरु पालना गर्न समेत नम्जुर गर्दछु ।
निकायः- ब्यक्ति/ संस्था

निवेदकको पुरा नाम, थर ठेगानाः
परिचय पत्र नं. —
संथाको हकमा पदः-

.....................................................................................................................................................................

## <u>अफिसको कामको लागि मात्र</u>

**श्री लेखा शाखाः**
**नौगाड गा.पा.**

................................. निम्न बमोजिम रकम धरौटीमा लिनुहोला

| भाडामा दिने हेभि यान्त्रिक उपकरण  विवरण | भाडा दर | | धरौटी राख्नु पर्ने अनुमानित रकम |
|---|---|---|---|
| | प्रति घण्टा | प्रति सिफ्ट | |
| | | | |
| | | | |

नौगाड गाउँपालिका (यस पछी पहिलो पक्ष भनिने)..........., जिल्ला .......... गाउँ/नगर पालिका वडा नं. .................. स्थायी ठेगाना भएका श्री ............ (यस पछि दोस्रो पछ भनिने) ................ गतेका दिन नौगाड गाउँकार्यपालिकाको .......... भाडामा लिनका लागि देहायका शर्तका अधिनमा रही पहिलो पक्षले दोस्रो पक्षलाई सेवा उपलब्ध गराउन मञ्जुर भई यो सम्झौता गरी एक–एक प्रति आपसमा बुँझी लियौ/दियौँ ।

**शर्तहरुः**

१. यो सम्झौता मिति ................ गते देखि .................लागु हुनेछ । आपसी सम्झौता र आवश्यकता बमोजिम सम्झौता अवधि थप तथा तय हुन सक्नेछ ।

२. सम्झौता लागु भएको मिति देखि पहिलो पक्षले दोस्रो पक्षलाई स्काभेटर मेसिन उपकरण उपलब्ध गराउनु पर्नेछ ।

३. पहिलो पक्षले दोस्रो पक्षलाई उपलब्ध गराएको सेवा बाफत पाउने प्रति घण्टा रकम रु. .........अक्षरेपी ............ दरले हुनेछ र अपरेटर तथा सहायक अपरेटरको भत्ता बाफतको रकम प्रति घण्टा रु. ...... /– अक्षरेपी चार सय पचास मात्रका दरले दोस्रो पक्षले बेहोर्नु पर्नेछ ।

४. सेवा सम्बन्धी प्रचलित कानूनमा व्यवस्था भएमा आचरण सम्बन्धी कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ एवं नियमावली, २०६४ र सेवा करार निर्देशिका, २०५९ मा व्यवस्था भए अनुसार आचरण सम्बन्धी कुराहरु दुवै पक्षले पालना गर्नुपर्नेछ ।

५. भुक्तानीको तरिका सम्झौता अनुसारको रकम अग्रिम दोस्रो पक्षले न्यूनतम ५० % गाउँपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गर्नुपर्नेछ ।

६. इन्धन बाफतको रकम .......... का दरले र हेभि यान्त्रिक उपकरणका अपरेटरको भत्ता ..... पक्षले नै व्यहोर्नु पर्नेछ ।

७. रु. १०,००० /– अक्षरेपी दश हजार सम्मको मर्मत सम्भार ............. पक्षले र सो भन्दा माथिको मर्मत सम्भार खर्च ...............पक्षले व्यहोर्नु पर्नेछ ।

८. सम्झौता अनुसारको रकम तोकिएको अवधि भित्र नभएमा सम्झौता अनुसारको रकम असुल उपर गरी थप सम्झौता रकमको ५० प्रतिशत सम्म थप जरिवाना लाग्नेछ ।

९. सम्झौता दोस्रो पक्षका कारणबाट भंग गर्नु परेमा प्रति दिन सम्झौता रकमको १० प्रतिशत दोस्रो पक्षबाट कट्टी गरिनेछ ।

१०. यस उल्लेख भए बाहेकका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछन् ।

११. अन्य केही भए खुलाउनेः

| **पहिलो पक्षको तर्फबाटः** | **दोस्रो पक्षको तर्फबाटः** |
|---|---|
| नाम, थरः | नाम, थरः |
| पदः | पदः |
| कार्यालयः | फर्म/संस्था/कम्पनीको नामः |

साक्षीहरु

इति सम्बत ............... साल............... महिना .................. गते रोज .......... शुभम् ।

अनुसूची – ५

हेभि यान्त्रिक उपकरण भाडामा दिनु/लिनु परेको खण्डमा भाडा दर तथा कर्मचारीको भत्ता

## क) हेभि यान्त्रिक उपकरण ( इन्धन सहित )

| (अपरेटर र इन्धन बाहेक) | | | | | |
|---|---|---|---|---|---|
| क्र.स. | हेभि यान्त्रिक उपकरण | कामको प्रकार | भाडा दर | | कैफियत |
| | | | प्रति घण्टा | सिप्ट | |
| १ | हाइड्रोलिक एक्जाभेटर | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | ७,००० ।- | २८००० ।- | |
| | | | | | |
| | | | | | |

## ख) हेभि यान्त्रिक उपकरण ( इन्धन बाहेक)

| (अपरेटर र इन्धन बाहेक) | | | | | |
|---|---|---|---|---|---|
| क्र.स. | हेभि यान्त्रिक उपकरण | कामको प्रकार | भाडा दर | | कैफियत |
| | | | प्रति घण्टा | सिप्ट | |
| १ | हाइड्रोलिक एक्जाभेटर | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | ३,००० | | |
| | | | | | |

## ग) हेभि यान्त्रिक उपकरण अपरेटर भत्ता (नौगाड गाउँकार्यपालिकाबाट स्वीकृत काम हुँदाका बखत)

| (अपरेटर र इन्धन बाहेक) | | | | | |
|---|---|---|---|---|---|
| क्र.स. | हेभि यान्त्रिक उपकरण | कर्मचारी तथा जनशक्ति | भाडा दर | | कैफियत |
| | | | प्रति घण्टा | सिप्ट | |
| १ | हाइड्रोलिक एक्जाभेटर | अपरेटर | १२५ ।- | | |
| | | सह-चालक | | | |
| २ | | अपरेटर | | | |
| | | सह-चालक | | | |

अनुसूची - ६

**भाडामा सम्झौता भए बमोजिम कार्यालयबाट छुटेदेखि कार्यक्षेत्रबाट फर्कदा सम्म हेभि यान्त्रिक उपकरण चलेको**

# <u>मिटरको लकबुक</u>

| क्र.सं. | कामको विवरण | मिति | हेभि यन्त्र चलेको अवधि | | मिटर रेकर्ड | | कि.मि. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

| | | |
|---|---|---|
| ...................... | ........................ | ......................... |
| तयार पार्ने | जाँच गर्ने | प्रमाणित गर्ने |
| हेभि यन्त्र अपरेटर | इन्जिनियर | प्रमुख प्रशासकीय अधिकृत |



अनुसूची - ७

कार्यालयको निर्णयानुसार विशेष परिस्थितिको कार्यका लागि कार्यालयबाट छुटेदेखि कार्यक्षेत्रबाट फर्कदासम्म हाइड्रोलिक हेभि यान्त्रिक उपकरण चलेको मिटर बुक

## <u>मिटरको लकबुक</u>

| **क्र.सं.** | **कामको विवरण** | **मिति** | **हेभि यन्त्र चलेको अवधि** | | **मिटर रेकर्ड** | | **कि.मि.** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

........................ ........................ ........................

तयार पार्ने — जाँच गर्ने — प्रमाणित गर्ने

हेभि यन्त्र अपरेटर — इन्जिनियर — प्रमुख प्रशासकीय अधिकृत